# वार्षिक शैक्षिक स्थिति प्रतिवेदन

(Education Status Report, Yearly)




## महाभारत गाउँपालिका

शिक्षा युवा तथा खेलकुद शाखा

देवीटार, काभ्रे

२०८१

# वार्षिक शैक्षिक स्थिति प्रतिवेदन

(Education Status Report, Yearly)


## महाभारत गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### शिक्षा, युवा तथा खेलकुद शाखा
### देविटार, काभ्रेपलाञ्चोक ।


२०८१।०८२

## हाम्रो भनाइ

गुणस्तरीय शिक्षाको प्रत्याभूति नै दिगो विकासको लक्ष्य हो। शिक्षालाई सर्वपरीय र गुणस्तरीय बनाउन शिक्षामा प्रयाप्त मात्रामा लगानीका साथसाथै उपलब्ध साधन श्रोतको प्रचुर प्रयोग गर्नुपर्ने हुन्छ। शिक्षामा लगानी गर्दा शैक्षिक कार्यमा प्रत्यक्ष र अप्रत्यक्ष रूपमा सरोकार राख्ने र सहभागी हुने मानवीय, भौतिक, शैक्षिक प्रक्रिया, र वातावरणीय पक्षमा तादाम्य हुने गरी तुलनात्मक सन्तुलनको सिद्धान्तका आधारमा गर्नु पर्दछ। यस प्रकारको लगानीले बालमैत्रि सिकाइको वातावरण सिर्जना गर्नुका साथै सिकाइलाई दिगो र गुणस्तरीय बनाउन सहयोग गर्दछ।

मुलुकको संघीय संरचनाले शिक्षालाई तीनै तहको सरकारको साझा अधिकारको रूपमा स्थापित गरेको छ, यसले गुणस्तरीय शिक्षालाई सर्वसुलभ बनाउन तीनै तहको सरकार जिम्मेवार भएको इंकित गर्दछ। स्थानीय सरकार संचालन ऐन, २०७४ अनुसार स्थानीय तहलाई प्रयायोजित अधिकारको परिधिमा रहि महाभारत गाउँपालिका, देवीटार, काभ्रेले आफ्नो गाउँपालिका अन्तर्गतका विद्यालयहरुको शैक्षिक गुणस्तर अभिवृद्धिका लागि शैक्षिक योजनाहरु निर्माण तथा कार्यान्वयन गर्ने, गराउने, विद्यालय र अन्य शैक्षिक संस्थाहरुको अनुगमन तथा सुपरीवेक्षण गर्ने गराउने तथा प्रदेश र संघ सरकार अन्तर्गतका शिक्षा प्रशासन कार्यालय र अन्य कार्यालयहरुबाट यस गाउँपालिकाको शिक्षा शाखाबाट कार्यान्वयन हुने गरी प्राप्त विभिन्न कार्यक्रमहरु कार्यान्वयन गर्ने तथा कार्यान्वयनमा सहजीकारण गर्ने निकायको रुपमा भूमिका निर्वाह गर्ने गरेको छ ।

यस गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाले खासगरी सामान्य कार्य, विद्यालय प्रशासन र विद्यालयलाई प्राविधिक सहायता प्रदान गर्ने किसिमका कार्य तथा कार्यक्रम सम्पादन तथा संचालन गर्दछ।सामान्य कार्य अन्तर्गत सामुदायिक, संस्थागत र सहकारी माध्यमिक विद्यालयको संचालन अनुमति र स्विकृति प्रदान गर्ने, कक्षा थप घट गर्ने, विद्यालय समायोजन वा एकीकरण गर्ने, समय समयमा विद्यालयमा विद्यालय शिक्षा सम्बद्ध तथ्यांक सम्बन्धित निकायमा पठाउने र अन्य संघ र प्रदेशका शैक्षिक निकायबाट निर्देशित र प्रत्यायोजित कार्यहरू सम्पादन हुन्छन्। विद्यालय प्रशासन अन्तर्गत प्रचलित ऐन नियम बमोजिम विद्यालय संचालन भए नभएको अनुगमन गर्ने, विद्यालयले विद्यालय लेखाङ्कन दिग्दर्शनको मापदण्ड बमोजिम लेखा प्रणाली अबलम्बन गरे नगरेको वा तोकिए बमोजिमको वित्तीय सुशासन रहे नरहेको अनुगमन गर्ने आदि कार्यहरु सम्पादन हुने गर्दछ।त्यस्तै विद्यालयलाई प्राविधिक सहायता अन्तर्गत विद्यालय सुधार योजना निर्माण र कार्यान्वयन गर्न सहायता प्रदान गर्ने, सिंगो शिक्षण प्रक्रिया र विद्यार्थी मूल्यांकनका साथै गुणस्तरीय शिक्षाका प्रत्येक आयाममा प्राविधिक सहयोग उपलब्ध गराउने कार्य सम्पादन हुने गर्दछन्। आव २०८१।०८२ मा सम्पादन गरिएका यिनै कार्यहरुलाई समेटेर यो स्थिति प्रतिवेदन तयार गरिएको छ।

यो पहिलो संस्करण मै यस प्रतिवेदनमा आधिकारिक र वैध तथ्यांकको प्रयोग गरी सकेसम्म त्रुटिरहित र विश्वसनीय बनाउने कोशिस गरिएको छ। अन्त्यमा आउने संस्करणमा सम्बन्धित निकाय र विज्ञवर्गबाट रचनात्मक सुझावको अपेक्षा गरिन्छ।

**शिक्षा, युवा तथा खेलकुद शाखा**
**महाभारत गाउँपालिका, काभ्रे ।**

# विषयसूची

*हाम्रो भनाइ*

*विषयसूची*

*तालिकाहरुको सूची*

*नक्सा/डायग्राम आदिको सूची*

*अनुसूचीहरूको विवरण*

*कार्यकारी सारांश*

**परिच्छेद १ स्थिति प्रतिवेदनको परिचय**

१.१ पृष्ठभूमि

१.२ स्थिति प्रतिवेदनको उद्देश्य

१.३ स्थिति प्रतिवेदन निर्माण प्रक्रिया

१.४ स्थिति प्रतिवेदन तयारीका क्रममा प्रयोगमा ल्याइएका दस्तावेजहरू (आधारहरू)

**परिच्छेद २ शैक्षिक अवस्था**

२.१ साक्षरताको स्थिति

२.२ शिक्षण संस्थाहरूको संख्यात्मक विवरण

२.३ विद्यार्थी विवरण

२.४ भैतिक तथा पूर्वाधारको अवस्था

२.५ विद्यालय शिक्षाका शैक्षिक सुचकहरु

२.६ स्थानीय तहको सगठन सरचनामा शिक्षा क्षेत्रको अवस्था तथा जनशक्तिको अवस्था

**परिच्छेद ३ कार्यक्रम कार्यान्वयनको भौतिक तथा वित्तीय प्रगति**

३.१ शिक्षा क्षेत्रको वजेट र खर्चको अवस्था

३.२ वजेट उपशिर्षक अनुसार वजेट तथा खर्चको अवस्था

३.३ कार्यक्रम कार्यान्वयनका मुख्य समस्या तथा चुनौती

३.४ कार्यक्रम कार्यान्वयनमा सुधारका उपाय

**परिच्छेद ४ उपलव्धि तथा कार्यक्रम विस्तृतीकरण**

४.१ संघ शसर्त अनुदान अन्तर्गतका कार्यक्रमहरु

४.२ प्रदेश शसर्त अनुदान अन्तर्गतका कार्यक्रमहरु

४.३ गाउँपालिका निशर्त अनुदान अन्तर्गतका कार्यक्रमहरु

**परिच्छेद ५ असल अभ्यास, प्रमुख उपलब्धि, चुनौती तथा समाधानका उपायहरू**

५.१ अन्य संस्थासँगको साझेदारीमा सञ्चालित कार्यक्रम

५.२. असल अभ्यास तथा नवप्रर्वतनात्मक कार्यक्रमहरु

५.३ समग्र कार्यक्रमका प्रमुख उपलब्धिहरू,

५.४ चुनौती तथा समाधानका लागि गरिएका प्रमुख प्रयासहरू

**अनुसूचीहरू**

# तालिकाहरूको सूची


तालिका न १ शैक्षिक सत्र २०८१ को शिक्षण संस्था र ती शिक्षण संस्थामा अध्ययनरत विद्यार्थीको संख्यात्मक विवरण

तालिका न २ गाउँपालिका अन्तर्गतका विद्यालयमा अध्ययनरत कक्षागत विद्यार्थी विवरण

तालिका नं. ३ महाभारत गाउँपालिका अन्तर्गतका विद्यालयको भौतिक तथा पूर्वाधारको अवस्था

तालिका नं. ४ विद्यालय सुधार योजना र विद्यालयको लेखापरीक्षणको अवस्था

तालिका न ५ महाभारत गाउँपालिकामा कार्यरत जनशक्तिको अवस्था

तालिका न ६ आर्थिक बर्ष: २०८१।०८२ को बार्षिक प्रतिवेदन

तालिका न ७ विद्यालय शिक्षा योजना कार्यक्रमको वजेट तथा खर्च अवस्था

तालिका न ८ महाभारत गाउँपालिकाको शिक्षा कार्यक्रम र खर्च अवस्था

तालिका नं.९ अनुदान कार्यान्वयनको भौतिक र वित्तीय प्रगति

तालिका नं.१० शिक्षण सहयोग अनुदान प्राप्त गर्ने विद्यालयको नामावली

तालिका न ११ विज्ञान प्रयोगशाला, ICT Lab. पुस्तकालय तथा इन्टरनेट सुविधा पुगेका विद्यालयको नामावलि

तालिका नं. १२ TST कार्यान्वयन भएका विद्यालयहरु र अनुगमन

तालिका नं. १३ भैरव मा वि, महाभारत १ मा प्राविधिक धारका विद्यार्थी संख्या

तालिका नं. १४ आ व २०८१।०८२ का कार्यक्रमहरू र तीनको उपलब्धि

# नक्सा/डायग्राम/ ग्राफ चित्र आदिको सूची

डायग्राम न १ महाभारत गाउँपालिकाको संगठन संरचनामा शिक्षा क्षेत्रको अवस्था

ग्राफ चित्र न १ विद्यालय सुधार योजनाको लेखाजोखाको तुलना

# अनुसूचीहरूको विवरण

# कार्यकारी सारांश

महाभारत गाँउपालिका शिक्षा शाखाबाट आर्थिक वर्ष २०८१—०८२ मा सम्पादित विभिन्न बजेट शीर्षक अन्तर्गतका सम्पूर्ण कार्यक्रमहरुको आधारमा यो स्थिति प्रतिवेदन तयार गरिएको छ । गाँउपालिकाको शिक्षा शाखामार्फत कार्यान्वयन हुने गरी शिक्षा तथा मानव स्रोत विकास केन्द्र र अन्य निकायहरुबाट प्राप्त कार्यक्रमहरुको भौतिक तथा आर्थिक प्रगतिका आधारमा विश्लेषणात्मक प्रस्तुती समेत समावेश गरिएको यो स्थिति प्रतिवेदनमा केन्द्रबाट भए गरेका बजेट शीर्षक अन्तर्गतका कार्यक्रमको प्रगति तपसिल अनुसार प्रस्तुत गरिएको छ ।

# परिच्छेद-१
# स्थिति प्रतिवेदनको परिचय

## १.१ पृष्ठभूमि

महाभारत गाउँपालिकाले प्राप्त गरेका वार्षिक शैक्षिक कार्यक्रमहरु विभिन्न सरोकारवालाहरुसंग समन्वय गरी सम्पादन गरिएको छ । वार्षिक रुपमा गाउँपालिकाको शिक्षा शाखाले कुन, कुन काम के, कसरी, कुन प्रक्रिया अपनाएर के, कति सम्पादन गरेको छ भन्ने यथार्थ वस्तुस्थिति झल्काउनुनै स्थिति प्रतिवेदनको उद्देश्य रहेको छ । यसै तथ्यलाई हृदयंगमगरी यस गाउँपालिकाको शिक्षा शाखाबाट आ व २०८१।०८२ को वार्षिक स्थिति प्रतिवेदन तयार पारिएको छ ।

## १.२ स्थिति प्रतिवेदनको उद्देश्य

यस शैक्षिक स्थिति प्रतिवेदनका मुख्य मुख्य उद्देश्यहरु देहायबमोजिम रहेका छन्:

- यस गाउँपालिका शिक्षा शाखाले सम्पादन गरेको कार्यक्रमहरुको बारेमा जानकारी दिनु,
- कार्यक्रम कसरी सम्पादन गरिएको हो सो को जानकारी दिनु,
- कुन कुन शीर्षकमा के कति रकम प्राप्त भयो र के कति खर्च भयो भनी कार्यक्रमको भौतिक प्रगति र वित्तिय प्रगति बारे जानकारी दिनु,
- कार्य सम्पादन गर्दा आइपरेका समस्या र ती समस्याहरुलाई समाधान गर्ने उपाय पहिल्याउनु,
- कार्यक्रमको उपलब्धिस्तर पत्ता लगाउनु,
- यस गाउँपालिकाको शैक्षिक र आर्थिक स्थितिको अवस्था थाहा पाउनु,

## १.३ स्थिति प्रतिवेदन निर्माण प्रक्रिया

महाभारत गाउँपालिकाले वार्षिकरुपमा प्राप्त शैक्षिक कार्यक्रमहरु शिक्षा शाखाले सम्पादन गरेका हुन्छ। सम्पादित कार्यहरुलाई सम्बन्धित पदाधिकारीहरुको छलफलबाट कार्यक्रमका राम्रा पक्ष, सुधारगर्नु पर्ने पक्षहरुमा टिपोट गर्दै सम्पादित कार्यहरुको खाका बनाउने कार्य नै वास्तवमा स्थिति प्रतिवेदन निर्माण प्रकृया हो ।

कार्यक्रमको उपलब्धि, कार्यान्वयनमा आइपरेका कठिनाईहरु, आगामी दिनमा कार्यक्रमलाई प्रभावकारी बनाउन चाल्नु पर्ने कदमहरुको बारेमा समेत छलफलबाट स्थिति प्रतिवेदनमा उल्लेख गर्नु पर्ने बुंदाहरुको निष्कर्षमा पुग्ने काम गरियो ।

## १.४ स्थिति प्रतिवेदन तयारीका क्रममा प्रयोगमा ल्याइएका दस्तावेजहरू (आधारहरू)

यस स्थिति प्रतिवेदनमा उल्लेख भएका सम्पूर्ण तथ्याङ्क सूचनाहरु तपशिल अनुसारका स्रोतबाट उद्धृत गरी समावेश गरिएको छ ।

- वार्षिक कार्यक्रम र बजेट
- EMIS
- वि.सु.यो, गाउँ/नगर प्रोफाइल,
- स्थानीय तहबाट भएका अनुगमन निरीक्षण प्रतिवेदन
- विद्यालय प्रोफाइल
- अध्यावधिक विद्यालय सुधार
- योजना सामजिक परीक्षण प्रतिवेदन ।

# परिच्छेद २

# शैक्षिक अवस्था

## २.१ साक्षरताको स्थिति

महाभारत गाउँपालिका मिति २०८२।०२।३० गते अनिवार्य तथा निशुल्क शिक्षा लागु भएको स्थानीय तह घोषणा भई सकेको छ । अनिवार्य तथा निशुल्क शिक्षा लागु भएको स्थानीय तह घोषणा पश्चात यस गाउँपालिकामा कुनै पनि बालबालिका विद्यालय बाहिर नरहेको अवस्था छ । आ व २०८१।०८२ मा अभिभावक शिक्षा संचालनसम्बन्धी कार्यक्रमको लागि बजेट विनियोजन भई कार्यक्रम समेत संचालन भएको थियो । साथै गाउँपालिकाले निरन्तर शिक्षा तथा आय आर्जन शिक्षा संचालन सम्बन्धी कुनै पनि कार्यक्रममा रकम विनियोजन गरेको थिएन। गाउँपालिका अन्तर्गत जम्मा ३ वटा सामुदायिक सिकाइ केन्द्रहरु रहेका छन् । सामुदायिक सिकाइ केन्द्रमा कार्यरत जनशक्तिको क्षमता विकासको अभावको कारण ती सिकाइ केन्द्रले समेत निरन्तर शिक्षाका कार्यक्रम प्रभावकारी रूपले संचालन गर्न सक्ने अवस्थामा छैनन्।

यस गाउँपालिकालाई साक्षर गाउँपालिका घोषणा गरिसकिएको छ । राष्ट्रिय जनगणना २०७८ को नतिजा अनुसार गाउँपालिकाको साक्षरता प्रतिशत ७०.३रहेको छ । % जसमा पुरुष साक्षरता दर ७६.७ प्रतिशत र महिला साक्षरता दर ६४.१% रहेको छ । शैक्षिक सत्र २०८० को विद्यालयस्तरको शैक्षिक तथ्याङ्क अनुसार सामुदायिक विद्यालयहरुमा करिब (बालविकास देखि कक्षा १२ सम्म) ४६०० विद्यार्थीहरु अध्ययनरत रहेकोमा शैक्षिक सत्र २०८१ को शैक्षिक तथ्याङ्क इमिसका अनुसार २३२४ छात्र र २४५० छात्रा गरी कुल जम्मा ४७७४ विद्यार्थी अध्ययनरत रहेका छन् । गाउँपालिकामा ३९ वटा बाल विकास केन्द्रका सहयोगी कार्यकर्ताहरु, ३२५ जना शिक्षक तथा ४९ जना कर्मचारीहरु कार्यरत रहेका छन् । गाउँपालिका अन्तर्गत संचालित विद्यालयहरु मध्ये ४ वटा विद्यालयमा एक विद्यालय एक नर्स कार्यक्रम संचालनमा रहेको छ ।

## २.२ शिक्षण संस्थाहरूको संख्यात्मक विवरण

महाभारत गाउँपालिकामा आ व २०८१।८२ मा यस गाउँपालिकाको वार्ड न ४ मा सामुदायिक विद्यालयको रूपमा संचालन हुने गरी श्री मेन्दोफोले प्राथमिक विद्यालयलाई कक्षा ४ संचालन गर्ने अनुमति प्रदान गरिएको छ। आ व २०८१।०८२ मा जम्मा सामुदायिक विद्यालयको संख्या ५० रहेका छन। यस गाउँपालिका अन्तर्गतका शिक्षण संस्थाको संख्यात्मक विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका न १ः शैक्षिक सत्र २०८१ को शिक्षण संस्था र ती शिक्षण संस्थामा अध्ययनरत विद्यार्थीको संख्यात्मक विवरण

| विद्यालयको प्रकार | संख्या | | विद्यार्थी संख्या | | |
|---|---|---|---|---|---|
| | सामुदायिक | संस्थागत | छात्र | छात्रा | जम्मा |
| प्रा-कक्षा १) .वि.५( | ३३ | ० | ४९८ | ५१० | १००८ |
| आधारभुत -कक्षा १)८( | ९ | ० | ४५४ | ५०२ | ९५६ |
| माध्यमिक -कक्षा १)१२( | ८ | ० | ११४४ | १२३१ | २३७५ |
| वालकक्षा | ३९ | ० | २२८ | २०७ | ४३५ |
| सामुदायिक सिकाइ केन्द्र | ३ | | | | |
| जम्मा | | | २३२४ | २४५० | ४७७४ |

(Source: IEMIS, Academic Year 2081)

शिक्षकको तहगत दरबन्दी विवरणः

| क्र स | तह | स्थायी | | | करार / अस्थायी | राहत | प्रदेश अनुदान | संघिय शिक्षण सहयोग अनुदान | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | तृतीय | द्वितिय | प्रथम | | | | | | |
| १ | बाल विकास | ० | ० | ० | ३८ | 0 | ० | ० | ३८ | |
| २ | प्राथमिक | ८२ | ७ | ० | २८ | ३१ | ० | ० | १४८ | |
| ३ | निम्नमाध्यमिक | ३ | ० | ० | १ | २१ | ० | ८ | ३३ | |
| ४ | माध्यमिक | १ | ० | ० | २ | ६ | २ | १० | २१ | |
| ५ | उच्चमाध्यमिक | ० | ० | ० | ० | ३ | ० | ० | ३ | |
| ६ | उ .मा. प्रशिक्षक | ० | ० | ० | ० | ४ | ० | ० | ४ | |
| ७ | माप्रशिक्षक . | ० | ० | ० | ० | २ | ० | ० | २ | |
| ८ | सहायक प्रशिक्षक | ० | ० | ० | ० | २ | ० | ० | २ | |
| | जम्मा | ८६ | ७ | ० | ६९ | ६९ | २ | १८ | २५१ | |

## २.३ विद्यार्थी विवरण

शैक्षिक सत्र २०८१ मा विद्यालयमा विद्यार्थी भर्ना केहि उत्साहजनक भए तापनि कक्षा बीचैमा छाड्ने दर समेत उच्च भएको देखिन्छ । शैक्षिक सत्रको अन्तसम्ममा यस गाउँपालिका अन्तर्गतका विद्यालयमा रहेको विद्यार्थी विवरण तलको तालिकामा प्रस्तुत गरिन्छ।

तालिका न २: गाउँपालिका अन्तर्गतका विद्यालयमा अध्ययनरत कक्षागत विद्यार्थी विवरण

School Year 2081

| Class | | ECD | 1 | 2 | 3 | 4 | 5 | 6 | 7 | 8 | 9 | 10 | 11 | 12 |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| S.N | SchoolName | T | T | T | T | T | T | T | T | T | T | T | T | T |
| 1 | Ambishwari Basic School | 0 | 6 | 7 | 6 | 2 | 4 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 2 | Azad Basic School | 23 | 13 | 7 | 7 | 16 | 12 | 18 | 13 | 8 | 0 | 0 | 0 | 0 |
| 3 | Bal Chetana Basic School | 9 | 4 | 5 | 8 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 4 | Bal Kalyan Basic School | 0 | 6 | 3 | 4 | 6 | 6 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 5 | Bal Ujjwal Basic School | 0 | 18 | 8 | 6 | 6 | 3 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 6 | Ban Kali Basic School | 2 | 4 | 5 | 4 | 2 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 7 | Bhagawati Basic School | 1 | 5 | 2 | 1 | 4 | 4 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 8 | Bhairab Secondary School | 24 | 34 | 29 | 15 | 24 | 22 | 21 | 27 | 39 | 71 | 46 | 20 | 23 |
| 9 | Bhairabeshor Basic School | 7 | 3 | 8 | 6 | 3 | 6 | 5 | 15 | 14 | 0 | 0 | 0 | 0 |
| 10 | Bhubaneshwori Basic School | 12 | 9 | 7 | 12 | 14 | 7 | 16 | 18 | 16 | 0 | 0 | 0 | 0 |
| 11 | Bhumeshwor Basic School | 5 | 2 | 2 | 1 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 12 | Buddha Bal Unnati Basic School | 7 | 10 | 5 | 5 | 6 | 6 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 13 | Buddha Basic School | 7 | 3 | 5 | 5 | 2 | 2 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 14 | Budhanilkantha Basic School | 7 | 4 | 4 | 4 | 3 | 5 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 15 | Chandra Surya Basic School | 13 | 7 | 5 | 3 | 8 | 5 | 5 | 6 | 8 | 0 | 0 | 0 | 0 |
| 16 | Chandrodaya Basic School | 14 | 9 | 10 | 8 | 4 | 3 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 17 | Chhabhaktishwor Basic School | 6 | 7 | 7 | 6 | 5 | 4 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 18 | Dibya Jyoti Basic School | 4 | 4 | 5 | 10 | 6 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 19 | Gaduldevi Basic School | 0 | 9 | 4 | 4 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 20 | Gauleshwori Basic School | 15 | 13 | 17 | 11 | 19 | 26 | 17 | 19 | 16 | 0 | 0 | 0 | 0 |
| 21 | Gauri Basic School | 20 | 11 | 10 | 6 | 14 | 12 | 15 | 20 | 27 | 0 | 0 | 0 | 0 |
| 22 | Gokule Secondary School | 18 | 16 | 13 | 14 | 14 | 16 | 29 | 37 | 38 | 73 | 32 | 29 | 65 |
| 23 | Gramonnati Secondary School | 9 | 10 | 14 | 9 | 16 | 16 | 27 | 32 | 41 | 78 | 58 | 29 | 75 |
| 24 | Gyan Jyoti Basic School | 14 | 11 | 7 | 5 | 6 | 5 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 25 | Gyan Jyoti Basic School | 9 | 6 | 2 | 7 | 7 | 4 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 26 | Gyanodaya Basic School | 4 | 10 | 8 | 8 | 3 | 12 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 27 | Hari Siddhi Basic School | 13 | 8 | 2 | 2 | 5 | 7 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 28 | Hayu Khola Basic School | 0 | 6 | 3 | 5 | 2 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 29 | Jan Mohan Secondary School | 1 | 0 | 12 | 8 | 10 | 9 | 6 | 6 | 12 | 64 | 38 | 0 | 0 |
| 30 | Jana Balhit Basic School | 8 | 2 | 3 | 3 | 4 | 4 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 31 | Jana Kalyan Basic School | 37 | 24 | 17 | 26 | 18 | 21 | 18 | 18 | 21 | 0 | 0 | 0 | 0 |
| 32 | Jana Kalyan Basic School | 7 | 5 | 4 | 2 | 2 | 3 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 33 | Jana Sendesh Basic School | 13 | 7 | 6 | 9 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 34 | Jana Unnati Basic School | 3 | 0 | 2 | 3 | 3 | 5 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 35 | Janakalyan Secondary School | 12 | 6 | 19 | 17 | 18 | 26 | 61 | 40 | 37 | 60 | 56 | 12 | 50 |
| 36 | Jyoti Secondary School | 23 | 12 | 19 | 15 | 17 | 17 | 28 | 18 | 18 | 30 | 11 | 0 | 0 |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 37 | Kali Devi Secondary School | 13 | 12 | 16 | 9 | 18 | 20 | 36 | 30 | 31 | 44 | 19 | 0 | 0 |
| 38 | Kokha Devi Basic School | 0 | 3 | 12 | 7 | 1 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 39 | Mendo Phole Basic School | 17 | 16 | 12 | 11 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 40 | Saraswati Basic School | 16 | 9 | 4 | 7 | 6 | 3 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 41 | Seti Devi Basic School | 0 | 6 | 2 | 5 | 2 | 4 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 42 | Shambheshwor Basic School | 6 | 11 | 6 | 9 | 7 | 9 | 6 | 4 | 12 | 0 | 0 | 0 | 0 |
| 43 | Shantideep Basic School | 0 | 4 | 0 | 4 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 44 | Shubhakamana Basic School | 16 | 13 | 13 | 14 | 9 | 13 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 45 | Siddheshwor Secondary School | 6 | 4 | 2 | 5 | 6 | 7 | 19 | 18 | 20 | 48 | 39 | 0 | 0 |
| 46 | Soktel Bhumi Basic School | 0 | 10 | 4 | 3 | 3 | 4 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 47 | Sunaulo Basic School | 12 | 13 | 9 | 10 | 13 | 5 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 48 | Thakur Prem Basic school | 0 | 10 | 6 | 6 | 7 | 4 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 49 | Thakursthan Basic School | 6 | 1 | 2 | 2 | 3 | 2 | 2 | 4 | 4 | 0 | 0 | 0 | 0 |

## २.४ भौतिक तथा पूर्वाधारको अवस्था

यस महाभारत गाउँपालिका अन्तर्गतका विद्यालयको भौतिक तथा पुर्वाधारको अवस्थालाई तलको तालिकामा प्रस्तुत गरिइको छ।

तालिका नं. ३ महाभारत गाउँपालिका अन्तर्गतका विद्यालयको भौतिक तथा पूर्वाधारको अवस्था

| सि. नं. | विद्यालयको नाम | विद्यालय भवन संख्या (पक्की र कच्ची समेत) | कक्षा कोठा संख्या | खानेपानी सुविधा भएको-1, सुविधा वा तथ्यांक नभएको-0 | शौचालयको संख्या जम्मा |
|---|---|---|---|---|---|
| १ | Ajad Adhar V | **2** | **8** | 1 | 2 |
| २ | Ambishwari Pra V | **2** | **5** | 1 | 1 |
| ३ | Bal Chetana Pra V | **2** | **3** | 1 | 1 |
| ४ | Bal Kalyan Pra V | **2** | **5** | 1 | 1 |
| ५ | Bal Ujjwal Pra V | **1** | **3** | 1 | 1 |
| ६ | Ban Kali Pra V | **1** | **3** | 1 | 2 |
| ७ | Bhagawati Pra V | **2** | **3** | 1 | 3 |

| सि. नं. | विद्यालयको नाम | विद्यालय भवन संख्या (पक्की र कच्ची समेत) | कक्षा कोठा संख्या | खानेपानी सुविधा भएको-1, सुविधा वा तथ्यांक नभएको-0 | शौचालयको संख्या जम्मा |
|---|---|---|---|---|---|
| ८ | Bhairab Ma V | **8** | **10** | 1 | 1 |
| ९ | Bhairabeshor Adhar V | **2** | **8** | 1 | 4 |
| १० | Bhubaneshwori Adhar V | **3** | **5** | 1 | 2 |
| ११ | Bhumeshwor Pra V | **1** | **5** | 0 | 2 |
| १२ | Buddha Bal Unaiti Pra V | **1** | **5** | 1 | 2 |
| १३ | Buddha Pra V | **2** | **5** | 0 | 2 |
| १४ | Budhanilkantha Pra V | **2** | **4** | 1 | 2 |
| १५ | Chandra Surya Pra V | **4** | **7** | 0 | 3 |
| १६ | Chandrodaya Pra V | **2** | **5** | 1 | 0 |
| १७ | Chhabhaktishwar Pra V | **2** | **4** | 1 | 2 |
| १८ | Dibya Jyoti Pra V | **1** | **2** | 0 | 0 |
| १९ | Gaduldevi Pra V | **1** | **3** | 1 | 1 |
| २० | Gauleshwori Pra V | **2** | **7** | 1 | 2 |
| २१ | Gauri Adhar V | **3** | **12** | 0 | 3 |
| २२ | Gramonnati Ma V | **4** | **12** | 1 | 3 |
| २३ | Gukule Ma V | **8** | **12** | 1 | 4 |
| २४ | Gyan Jyoti Pra V phokntar | **3** | **5** | 1 | 2 |
| २५ | Gyan Jyoti Pra V banakhu | **2** | **5** | 1 | 2 |
| २६ | Gyanodaya Pra V | **2** | **5** | 1 | 2 |
| २७ | Hari Siddhi Pra V | **3** | **5** | 1 | 4 |
| २८ | Hayu Khola Pra V | **1** | **3** | 1 | 1 |

| सि. नं. | विद्यालयको नाम | विद्यालय भवन संख्या (पक्की र कच्ची समेत) | कक्षा कोठा संख्या | खानेपानी सुविधा भएको-1, सुविधा वा तथ्यांक नभएको-0 | शौचालयको संख्या जम्मा |
|---|---|---|---|---|---|
| २९ | Jan Mohan Ma V | **4** | **10** | 1 | 6 |
| ३० | Jana Balhit Pra V | **2** | **5** | 1 | 2 |
| ३१ | Jana Kalyan Adhar V | **2** | **7** | 1 | 2 |
| ३२ | Jana Kalyan Ma V | **5** | **12** | 1 | 6 |
| ३३ | Jana Kalyan Pra V | **2** | **5** | 1 | 4 |
| ३४ | Jana Sendesh Pra V | **2** | **3** | 1 | 1 |
| ३५ | Jana Unnati Pra V | **2** | **5** | 1 | 1 |
| ३६ | Jyoti Adhar V | **2** | **8** | 1 | 1 |
| ३७ | Kali Devi Ma V | **3** | **12** | 1 | 6 |
| ३८ | Kokha Devi Pra V | **1** | **3** | 0 | 2 |
| ३९ | Lokpa Pra V | **1** | **2** | 0 | 0 |
| ४० | Saraswati Pra V | **2** | **4** | 1 | 2 |
| ४१ | Seti Devi Pra V | **2** | **5** | 1 | 1 |
| ४२ | Shambheshwor Adhar V | **2** | **8** | 1 | 2 |
| ४३ | Shantideep Pra V | **1** | **3** | 1 | 2 |
| ४४ | Siddheshwor Ma V | **6** | **10** | 1 | 5 |
| ४५ | Soktel Bhumi Pra V | **1** | **3** | 1 | 3 |
| ४६ | Sunaulo Pra V | **2** | **4** | 1 | 1 |
| ४७ | Suvakamana Pra V | **1** | **4** | 1 | 2 |
| ४८ | Thakur Prem Pra V | **1** | **3** | 1 | 2 |
| ४९ | Thakursthan Adhar V | **2** | **8** | 1 | 1 |

| सि. नं. | विद्यालयको नाम | विद्यालय भवन संख्या (पक्की र कच्ची समेत) | कक्षा कोठा संख्या | खानेपानी सुविधा भएको-1, सुविधा वा तथ्यांक नभएको-0 | शौचालयको संख्या जम्मा |
|---|---|---|---|---|---|
| ५० | Mendophole Pra V | **2** | **4** | 0 | 0 |

# २.५ विद्यालय शिक्षाका शैक्षिक सुचकहरु

## क) विद्यालय सुधार योजना र विद्यालयको लेखापरीक्षणको अवस्था

यस महाभारत गाउँपालिका अन्तर्गतका विद्यालयहरुले निर्माण गरेको विद्यालय सुधार योजना र आ व २०८१।०८२ सम्ममा विद्यालयको लेखापरीक्षणको अवस्थालाई तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं. ४ विद्यालय सुधार योजना र विद्यालयको लेखापरीक्षणको अवस्था

| सि. नं. | विद्यालयको नाम | विद्यालय सुधार योजना बनाएको-1, नबनाएको-0 | आव २०८१।०८२ सम्मको लेखापरीक्षण गरेको-1, नगरेको-0 | आव २०८१।०८२ सम्मको सामाजिक परीक्षण गरेको-1, नगरेको-0 |
|---|---|---|---|---|
| १ | Ajad Adhar V | **1** | 1 | 1 |
| २ | Ambishwari Pra V | **1** | 1 | 1 |
| ३ | Bal Chetana Pra V | **1** | 1 | 1 |
| ४ | Bal Kalyan Pra V | **1** | 1 | 1 |
| ५ | Bal Ujjwal Pra V | **1** | 1 | 1 |
| ६ | Ban Kali Pra V | **1** | 1 | 1 |
| ७ | Bhagawati Pra V | **1** | 1 | 1 |
| ८ | Bhairab Ma V | **1** | 1 | 1 |
| ९ | Bhairabeshor Adhar V | **1** | 1 | 1 |
| १० | Bhubaneshwori Adhar V | **1** | 1 | 1 |
| ११ | Bhumeshwor Pra V | **1** | 1 | 1 |

| सि. नं. | विद्यालयको नाम | विद्यालय सुधार योजना बनाएको-1, नबनाएको-0 | आव २०८१।०८२ सम्मको लेखापरीक्षण गरेको-1, नगरेको-0 | आव २०८१।०८२ सम्मको सामाजिक परीक्षण गरेको-1, नगरेको-0 |
|---|---|---|---|---|
| १२ | Buddha Bal Unaiti Pra V | **1** | 1 | 1 |
| १३ | Buddha Pra V | **1** | 1 | 1 |
| १४ | Budhanilkantha Pra V | **1** | 1 | 1 |
| १५ | Chandra Surya Pra V | **1** | 1 | 1 |
| १६ | Chandrodaya Pra V | **1** | 1 | 1 |
| १७ | Chhabhaktishwar Pra V | **1** | 1 | 1 |
| १८ | Dibya Jyoti Pra V | **1** | 1 | 1 |
| १९ | Gaduldevi Pra V | **1** | 1 | 1 |
| २० | Gauleshwori Pra V | **1** | 1 | 1 |
| २१ | Gauri Adhar V | **1** | 1 | 1 |
| २२ | Gramonnati Ma V | **1** | 1 | 1 |
| २३ | Gukule Ma V | **1** | 1 | 1 |
| २४ | Gyan Jyoti Pra V phokntar | **1** | 1 | 1 |
| २५ | Gyan Jyoti Pra V banakhu | **1** | 1 | 1 |
| २६ | Gyanodaya Pra V | **1** | 1 | 1 |
| २७ | Hari Siddhi Pra V | **1** | 1 | 1 |
| २८ | Hayu Khola Pra V | **1** | **1** | 1 |
| २९ | Jan Mohan Ma V | **1** | 1 | 1 |
| ३० | Jana Balhit Pra V | **1** | 1 | 1 |
| ३१ | Jana Kalyan Adhar V | **1** | 1 | 1 |
| ३२ | Jana Kalyan Ma V | **1** | 1 | 1 |
| ३३ | Jana Kalyan Pra V | **1** | 1 | 1 |
| ३४ | Jana Sendesh Pra V | **1** | 1 | 1 |

| सि. नं. | विद्यालयको नाम | विद्यालय सुधार योजना बनाएको-1, नबनाएको-0 | आव २०८१।०८२ सम्मको लेखापरीक्षण गरेको-1, नगरेको-0 | आव २०८१।०८२ सम्मको सामाजिक परीक्षण गरेको-1, नगरेको-0 |
|---|---|---|---|---|
| ३५ | Jana Unnati Pra V | **1** | 1 | 1 |
| ३६ | Jyoti Adhar V | **1** | 1 | 1 |
| ३७ | Kali Devi Ma V | **1** | 1 | 1 |
| ३८ | Kokha Devi Pra V | **1** | 1 | 1 |
| ३९ | Lokpa Pra V | **1** | 1 | 1 |
| ४० | Saraswati Pra V | **1** | 1 | 1 |
| ४१ | Seti Devi Pra V | **1** | 1 | 1 |
| ४२ | Shambheshwor Adhar V | **1** | 1 | 1 |
| ४३ | Shantideep Pra V | **1** | 1 | 1 |
| ४४ | Siddheshwor Ma V | **1** | 1 | 1 |
| ४५ | Soktel Bhumi Pra V | **1** | 1 | 1 |
| ४६ | Sunaulo Pra V | **1** | 1 | 1 |
| ४७ | Suvakamana Pra V | **1** | 1 | 1 |
| ४८ | Thakur Prem Pra V | **1** | 1 | 1 |
| ४९ | Thakursthan Adhar V | **1** | 1 | 1 |
| ५० | Mendophole Pra V | **1** | 1 | 1 |

### ख) विद्यालयको लेखा परीक्षण

यस महाभारत गाउँपालिका अन्तर्गतका विद्यालयको विगत केहि वर्षदेखि लेखा परीक्षण र सामाजिक परीक्षण हुन सकेको थिएन। शैक्षिक सत्र २०८१ मा १००% विद्यालयको आ व २०८०।०८१ सम्मको लेखा परीक्षण र सामाजिक परीक्षण भएको छ। यसरी आव को समाप्तिसंगै प्रत्येक वर्ष समयमै लेखापरीक्षण गर्न लगाई विद्यालयमा वित्तीय सुशासन कायम राख्ने कार्यको थालनी गरिएको छ।

### ग) विद्यालय सुधार योजनाको तुलनात्मक विश्लेषण

शैक्षिक सत्र २०७९, २०८० र २०८१ मा यस गाउँपालिका अन्तर्गतका विद्यालयहरुले निर्माण गरेको विद्यालय सुधार योजना निर्माणको अवस्था र विद्यालय सुधार योजनाको लेखाजोखाको तुलना तलको ग्राफमा प्रस्तुत गरिन्छ।

ग्राफ चित्र न १ विद्यालय सुधार योजनाको लेखाजोखाको तुलना




माथिको ग्राफचार्ट अनुसार, शैक्षिक सत्र २०७९ मा विद्यालय सुधार योजना निर्माण गर्ने विद्यालयको संख्या जम्मा ८०% थियो तर विद्यालय सुधार योजनाको लेखाजोखा गर्ने विद्यालय शुन्य प्रतिशत थियो। शैक्षिक सत्र २०८० मा विद्यालय सुधार योजना निर्माण गर्ने विद्यालयको संख्या जम्मा १००% थियो तर विद्यालय सुधार योजनाको लेखाजोखा गर्ने विद्यालय १५ प्रतिशत थियो। शैक्षिक सत्र २०८१ मा विद्यालय सुधार योजना निर्माण गर्ने विद्यालयको संख्या जम्मा १००% थियो तर विद्यालय सुधार योजनाको लेखाजोखा गर्ने विद्यालय ५७ प्रतिशत थियो। यसबाट के स्पष्ट हुन्छ भने पछिल्लो ३ वर्षमा विद्यालय सुधार योजना निर्माण गर्ने विद्यालयको संख्यामा सुधार भएको देखिन्छ भने विद्यालय सुधार योजनाको लेखाजोखा गर्ने  विद्यालयको संख्यामा भने स्पष्ट सुधार भएको देखिन्छ।

## २.६ स्थानीय तहको संगठन सरचनामा शिक्षा क्षेत्रको अवस्था तथा जनशक्तिको अवस्था

महाभारत गाउँपालिकाको संगठन संरचनामा शिक्षा क्षेत्रलाई सामाजिक विकास शाखा अन्तर्गत विषयगत शाखाको रूपमा शिक्षा, युवा तथा खेलकुद शाखा राखिएको छ। जसलाई तलको डायग्राफमा प्रस्तुत गरिएको छ।

डायग्राम न १ महाभारत गाउँपालिकाको संगठन संरचनामा शिक्षा क्षेत्रको अवस्था




महाभारत गाउँपालिकामा शिक्षा, युवा तथा खेलकुद शाखामा हाल कार्यरत जनशक्तिको अवस्थालाई तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका न ५ महाभारत गाउँपालिकामा कार्यरत जनशक्तिको अवस्था

| सि.नं. | कार्यरत जनशक्तिको नाम | पद |
|---|---|---|
| १ | राम बहादुर तामाङ | अधिकृत, आतौं तह |
| २ | जन्मराज शर्मा | सहायक विद्यालय निरीक्षक, छैठौं तह |
| ३ | जन्मराज शर्मा | प्राविधिक सहायक, पाँचौ तह |

# परिच्छेद-३

# कार्यक्रम कार्यान्वयनको भौतिक तथा वित्तीय प्रगति

## ३.१शिक्षा क्षेत्रको वजेट र खर्चको अवस्था

आर्थिक बर्ष २०८१/८२ शिक्षाको बजेट कार्यक्रम

| सि.नं. | बजेट कार्यक्रम | विनियोजित कुल रकम (रु हजारमा) | खर्च भएको रकम (रु हजारमा) | वित्तिय प्रगती (% मा) |
|---|---|---|---|---|
| १ | संघ शशर्त बजेट | १५१३३५ | १३७७५५ | ९१.०३ |
| २ | प्रदेश सरकार | २८१२ | २८१२ | १०० |
| ३ | स्थानीय निशर्त | २०१०० | १५९८४ | ७९.५२ |

(चालु आवमा स्थानीय तहको आफ्न स्रोतबाट विनियोजित वजेट, संघ तथा प्रदेश तहबाट ससर्त अनुदानमा लगायत अन्य ढंगले विभिन्न शीर्षमा प्राप्त भएका अनुदानको छुटाछुट्टै देखिने गरी वजेट र बजेट खर्चको शारांश तालिकामा उल्लेख गर्ने )

## ३.२ वजेट उपशिर्षक अनुसार वजेट तथा खर्चको अवस्था

आर्थिक बर्ष २०८१/८२ शिक्षाको उपक्षेत्रहरुको वार्षिक प्रगति प्रतिवेदन

| सि.नं. | क्रियाकलाप नं. | क्रियाकलापको नाम | विनियोजित कुल रकम (रु हजारमा) | खर्च भएको रकम (रु हजारमा) | वित्तिय प्रगती (% मा) |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| 1 | 1.1.3.3 | आधारभूत तहका स्वीकृत दरवन्दीका शिक्षक, राहत अनुदान शिक्षकका लागि तलब भत्ता अनुदान (विशेष शिक्षा परिषद अन्तरगतका शिक्षक/कर्मचारीहरु समेत) | ९४०७९ | 89805 | 95.46 |
| 2 | 1.1.3.4 | माध्यमिक तहका स्वीकृत दरवन्दीका शिक्षक, राहत अनुदान शिक्षक लागि तलब भत्ता अनुदान (विशेष शिक्षा परिषद अन्तरगतका शिक्षक/कर्मचारी,प्राविधिक धारका प्रशिक्षक समेत) | १२८२४ | 9985 | 77.86 |
| 3 | 1.1.4.1 | प्रारम्भिक बाल विकास सहजकर्ताहरुको पारिश्रमिक तथा विद्यालय कर्मचारी व्यबस्थापन अनुदान | १२९४४ | 12940 | 99.97 |
| 4 | 2.4.6.1 | सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि निशुल्क पाठ्यपुस्तक अनुदान | ३०४८ | २८६२ | 93.90 |
| 5 | 2.7.11.1 | तोकिएका विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान | ६७३४ | 5569 | 82.70 |
| 6 | 2.7.13.10 | विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान | ३२५० | 3049 | 93.82 |
| 7 | 2.7.13.11 | शैक्षिक पहुँच सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम (परम्परागत विद्यालय, वैकल्पिक विद्यालय, साक्षरता र निरन्तर शिक्षाका कार्यक्रम समेत) | १३२३ | 390 | 29.48 |
| 8 | 2.7.13.13 | विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | ११५० | 1150 | 100.00 |
| 9 | 2.7.13.23 | सामुदायिक विद्यालयका छात्राहरुलाई निशुल्क स्यानिटरी प्याड ब्यवस्थापन | १०४६ | 990 | 94.65 |
| 10 | 2.7.13.40 | माध्यमिक तह कक्षा (९-१०) मा अंग्रेजी,गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान | ५७८० | 3069 | 53.10 |

| | | | | | |
|---|---|---|---|---|---|
| 11 | 2.7.13.41 | आधारमुत तह कक्षा (६-८) मा अंग्रेजी,गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान | ३६९२ | 3577 | 96.89 |
| 12 | 2.7.13.49 | विपदको समयमा सिकाइ निरन्तरताका लागि सिकाइ आपुरण तथा द्रुत सिकाइ योजना कार्यान्वयन | ४०० | 40 | 10.00 |
| 13 | | विपन्न लक्षित छात्रवृत्तिका लागि छनौट भएका कक्षा ६१२ मा अध्ययनरत विद्यार्थीका लागि छात्रवृत्ती | ५२१ | 516 | 99.04 |
| 14 | 2.7.13.50 | प्रति विद्यार्थी लागतका आधारमा सिकाइ सामग्री तथा डिजिटल सिकाइ समाग्री व्यवस्थाका लागि विद्यालयलाइ अनुदान | २७४३ | २३५० | 85.67 |
| 15 | 2.7.13.51 | शैक्षिक सुशासनका लागि सस्थागत क्षमता विकास, विद्यार्थी परीक्षण मूल्याङ्कन, शिक्षक मेन्टरिङ तथा विद्यालय सुपरीवेक्षण | १२७९ | 265 | 20.72 |
| 16 | 7.2.1.1 | सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि छात्रबृत्ति (आवासीय तथा गैरआवासीय) | ५२२ | ५१६ | 98.85 |
| जम्मा | | | 151,335.00 | 137,073.00 | 90.58 |

**(संघीय तहबाट प्राप्त ससर्त अनुदान तथा स्थानीय तहबाट विनियोजित वजेट उपशीर्षक अनुसारको क्रियाकलापगत वार्षिक वजेट तथा खर्चको अवस्था छुट्टाछुट्टै उल्लेख गर्ने)**

**कार्यक्रमगत वार्षिक वजेट तथा खर्चको अवस्था (वजेट रु हजारमा)**

**(प्रत्येक वजेट उपशिर्षक अनुसारको छुट्टा छुट्टै तयार गर्ने)**

आर्थिक बर्ष २०८१/८२ शिक्षाको बजेट कार्यक्रम

| सि.नं. | बजेट कार्यक्रम | विनियोजित कुल रकम (रु हजारमा) | खर्च भएको रकम (रु हजारमा) | वित्तिय प्रगती (% मा) |
|---|---|---|---|---|
| १ | संघ शशर्त बजेट | १५१३३५ | १३७७५५ | ९१.०३ |
| २ | प्रदेश सरकार | २८१२ | २८१२ | १०० |
| ३ | स्थानीय निशर्त | २०१०० | १५९८४ | ७९.५२ |

## ३.३ कार्यक्रम कार्यान्वयनका मुख्य समस्या तथा चुनौती

यस महाभारत गाउँपालिकालाई संघ र प्रदेश सरकार मार्फत हस्तान्तरण भएका र गाउँपालिकाले आफैले विनियोजन गरेका शिक्षा कार्यक्रमलाई शिक्षा शाखाले कार्यान्वयन गर्दा देहाय बमोजिमका मुख्य समस्या र चुनौतीहरु रहेका थिए।

१) कार्यान्वयन कसले, कसरी गरिने भनी प्रष्ट नहुनु, जस्तैः

२) कार्यान्वयन पुस्तिकामा सबै कार्यक्रम कार्यान्वयन प्रक्रिया स्पष्ट नहुनु,

३) गाउँपालिकामा कार्यक्रम कार्यान्वयन गर्दा प्रशासनिक प्रक्रिया लामो तथा समयमै रकम निकासा नहुनु।

४) शैक्षिक सुदृढीकरण र कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान वितरण गर्ने प्रष्ट आधार तथा सुचकहरु नहुनु।

५) विगतमा कुन विद्यालयले कुन कुन अनुदान प्राप्त गरेको छ भनी आधिकारिक अभिलेख नहुनु।

६) स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७३ मा व्यवस्था गरे बमोजिम शिक्षा शाखालाई विनियोजित कार्यक्रम र बजेटसहित खर्च गर्ने अख्तियारी प्रदान नगरिनु।

## ३.४ कार्यक्रम कार्यान्वयनमा सुधारका उपायहरु

यस महाभारत गाउँपालिकालाई संघ र प्रदेश सरकार मार्फत हस्तान्तरण भएका र गाउँपालिकाले आफैले विनियोजन गरेका शिक्षा कार्यक्रमलाई प्रभावकारी कार्यान्वयनका लागि देहाय बमोजिमका सुधार गर्नु पर्ने देखिन्छ।

१) कार्यान्वयन कसले, कसरी गरिने भनी प्रष्ट गर्नु पर्ने, जस्तैः

२) कार्यान्वयन पुस्तिकामा सबै कार्यक्रम कार्यान्वयन प्रक्रिया स्पष्ट हुनुपर्ने,

३) शैक्षिक सुदृढीकरण र कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान वितरण गर्ने प्रष्ट आधार तथा सुचकहरु प्रष्ट हुनुपर्ने।

४) विगतमा कुन विद्यालयले कुन कुन अनुदान प्राप्त गरेको छ भनी आधिकारिक अभिलेखीकरण गरिनुपर्ने।

५) स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७३ मा व्यवस्था गरे बमोजिम शिक्षा शाखालाई विनियोजित कार्यक्रम र बजेटसहित खर्च गर्ने अख्तियारी प्रदान गरिनु पर्ने।

# परिच्छेद-४

## उपलव्धि तथा कार्यक्रम विस्तृतिकरण

यस खण्डमा  स्थानीय तहले सशर्त अनुदानबाट प्राप्त वजेट तथा स्थानीय तहले आफ्नो स्रोतबाट सञ्चालित कार्यक्रमहरुमा तपशिलका क्षेत्रमा वार्षिक रुपमा सम्पादन गरेका कार्यक्रमबाट भएका उपलव्धि, प्रगतिको संख्यात्मक अनुपात एवम् प्रतिशतमा र कार्यक्रम प्राप्त गर्ने विद्यालयको नामामेसी सहितको विवरण उल्लेख गरी संक्षिप्त विश्लेषण उल्लेख गर्नुपर्नेछ ।

कार्यक्रमको भौतिक लक्ष्य एवम् प्रगति उल्लेख गर्दा कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेखित मुल क्रियाकलापमा उल्लेखित उपक्रियाकलापलाइ आधार मानि भौतिक तथा वित्तीय प्रगति समावेश गर्नुपर्नेछ ।

क) शिक्षक दरवन्दी मिलानको प्रगति विवरण

महाभारत गाउँपालिकाको शिक्षा ऐन २०७७ अनुसार गाउँपालिकाभित्र शिक्षक दरबन्दी मिलान क्रमश भईरहेको छ । महाभारत गाउँपालिकामा कुनैपनि दरबन्दी पुलमा भने छैन्।

ख) उत्कृष्ट सिकाइ उपलव्धी भएका विद्यालयलाइ सिकाइ सुदृढीकरणका लागि प्रोत्साहन अनुदान तथा तोकिएको सूचकांकको आधारमा कार्य सम्पादन सम्पन्न गर्ने विद्यालयलाई कार्यसम्पादनमा आधारित अनुदान (Performance based Grants) कार्यान्वयनको अवस्था

महाभारत गाउँपालिका, शिक्षा शाखा, गाउँशिक्षा समिति र वडा शिक्षा समितिका सदस्यबाट समयसमयमा गरिएको अनुगमन तथा सुपरिवेक्षण प्रतिवेदनले आ व २०८१।८२ मा उत्कृष्ट विद्यालयलाई दिने अनुदानः कार्यसम्पादनमा आधारित अनुदान प्रदान गर्न नसकिने अवस्था तथा तोकिएको सुचाङ्क पुरा नभएको देखिएकाले आ व २०८१।८२ मा कार्यसम्पादनमा आधारित अनुदान विद्यालयलाई प्रदान गरिएको छैन।

## ग) विद्यालय सुशासन तथा पारदर्शितामा गरिएका प्रयासहरु

यस महाभारत गाउँपालिका अन्तर्गतका विद्यालयमा गरिएको निकासासंगै प्रत्येक विद्यालयमा वित्तीय अनुशासन कायम राख्न विद्यालयमा बजेट शिर्षकसहितको निकासा पत्र पठाउने व्यवस्था गरिएको थियो, जुन अनुसूची १ मा राखिएको छ। त्यसैगरी विद्यालयका प्रअ संग कार्यक्रम अभिमुखीकरण बैठक संचालन गरिएको छ।आव २०८१।८२ मा निकासा गरिएको विद्यालयगत निकासाको विवरण अनुसूची २ मा राखिएको छ। यस कार्यलाई निरन्तर सहजीकरणका लागि शिक्षा शाखामा Teacher's Computer Desk व्यवस्थापन गरिएको छ।

## घ) अङ्ग्रेजी, गणित, विज्ञान विषय शिक्षणका लागि शिक्षण सहयोग अनुदान कार्यान्वयनको अवस्था, अनुदान प्राप्त गर्ने विद्यालयको नामावली उल्लेख गर्ने

२) तालिका नं.९ शिक्षण सहयोग अनुदान प्राप्त गर्ने विद्यालयको नामावली (आधारभूत तह)

| सि. नं. | अनुदान प्राप्त गर्ने विद्यालयको नाम | कैफियत |
|---|---|---|
| १ | आजाद आ वि, महाभारत ६ | प्रचलित कानून बमोजिम शिक्षक नियुक्ति गरिएको। |
| २ | गौलेश्वरी आ वि, महाभारत ६ | प्रचलित कानून बमोजिम शिक्षक नियुक्ति गरिएको। |
| ३ | गौरी आ वि, महाभारत ५ | प्रचलित कानून बमोजिम शिक्षक नियुक्ति गरिएको। |
| ४ | ठाकुरस्थान आ वि, महाभारत ४ | प्रचलित कानून बमोजिम शिक्षक नियुक्ति गरिएको। |
| ५ | भुवनेश्वरी आ वि, महाभारत ५ | प्रचलित कानून बमोजिम शिक्षक नियुक्ति गरिएको। |
| ६ | भैरवेश्वर आ वि, महाभारत ३ | प्रचलित कानून बमोजिम शिक्षक नियुक्ति गरिएको। |
| ७ | चन्द्र सुर्य आ वि, महाभारत ३ | प्रचलित कानून बमोजिम शिक्षक नियुक्ति गरिएको। |

| | | |
|---|---|---|
| ८ | ज्योति मा वि, महाभारत ७ | प्रचलित कानून बमोजिम शिक्षक नियुक्ति गरिएको। |

३) शिक्षण सहयोग अनुदान प्राप्त गर्ने विद्यालयको नामावली (माध्यमिक तह)

